# गुराँस गाउँपालिकाको

# भू-उपयोग मापदण्ड, २०८०

मितिः २०८०/०२/०८
१९ औ कार्यपालिका बैठकबाट स्वीकृत

<u>प्रमाणीकरण गर्नेः</u>
श्री टोप बहादुर बि.सी.
(अध्यक्ष)

दस्तखतः

कार्यपालिका बैठकमा पेश भएको मितिः२०८०/०२/०८
कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिः२०८०/०२/०८
प्रमाणीकरण भएको मितिः२०८०/०२/१७

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश
नेपाल

CamScanner

# गुराँस गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि तयार गरिएको मापदण्ड तथा आधारहरु, २०८०

**प्रस्तावना:**

भूमिको द्वैध स्वामित्वको अन्त्य, जग्गाको हक सम्बन्धी व्यवस्थापन, भुमिको क्षमता तथा उपयुक्तता र उपयोगिता, भूमिको मौजुदा उपयोग र आवश्यकताका आधारमा भूमिको जोखिम,जटिल प्राकृतिक बनोट समेतलाई व्यवस्थित गराई भू-उपयोगमा अव्यवस्थित खण्डिकरण रोकथाम र सुदृढिकरण, आधुनिकीकरण गर्दै जान वाञ्छनिय भएकोले प्रशासकिय नियमित गर्ने ऐन, २०७५ को दफा ४ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम साथै,भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस गाँउपालिकाको क्षेत्राअधिकार भित्रको जग्गालाई भू-उपयोग क्षेत्र बर्गीकरण गर्ने प्रयोजनको लागि भूउपयोग ऐन २०७६ को दफा ५ को उपदफा ४ बमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अध्याबधिक गर्न रजग्गा कित्ताकाट प्रक्रियालाई नियमित गर्नको निम्ति मिति २०८०/०२/०८गते बसेको गुरांस गाउँपालिकाको कार्यपालिका एवं स्थानिय भू-उपयोग परिषद्को बैठकबाट यो मापदण्ड तथा आधारहरु जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:-**

क)यस मापदण्डको नाम **"गुराँस गाउँपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी. तयार गरिएको मापदण्ड तथा आधारहरु, २०८०"** रहेको छ।

ख) यो मापदण्ड भू–उपयोग परिषद् बाट सिफारिस भई गाउँ कार्यपालिकाको कार्यालयको बैठकबाट स्वीकृत भएको मितिबाट गुराँस गाउँपालिकाको क्षेत्र भित्र तुरुन्त लागु हुनेछ।

**२. परिभाषा:–**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) "ऐन" भन्नाले भू–उपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ।

ख) "नियमावली" भन्नाले भू–उपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ।

ग) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिकालाई सम्झनुपर्दछ।

घ) "कार्यपालिका" भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ।

ङ) "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ र यसका साथै निकट भविष्यमा सम्भाबित आवासिय क्षेत्र हुनसक्ने क्षेत्रलाई समेत जनाँउदछ।

च) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि

छुट्याएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

छ) "कृषि क्षेत्र" भन्नाले कृषि वाली उत्पादन,फलफुल र तरकारी उत्पादन,पशु-पन्छी पालन, फार्म हाउस, मत्स्य पालन, माहुरी पालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, बागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

ज) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ञ) "भू–उपयोग" भन्नाले भूमिको प्रयोग, उपभोग एवम सदुपयोग गर्ने कार्य सम्झनु पर्छ ।

ट) "भू–उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

ठ) "भू–उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू– उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

ड) "भू–उपयोग योजना" भन्नाले भू–उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

ढ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमा सम्मको भाग सम्झनु पर्छ ।

ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ ।

त) "व्यावसायिक क्षेत्र" भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको आयआर्जनका गतिविधिहुने क्षेत्रलाई समेत जनाउँछ।

थ) "सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ ।

द) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिँचाई कूलो वा नहर, इनार, कूवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, प्रतिक्षालय, सार्वजनिक सौचालय, पर्यटकिय क्षेत्रहरू,गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु

पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

ध) "मापदण्ड" भन्नाले गुराँस गाउँकार्यपालिकाको कार्यालय,गुराँस गाउँपालिका, रानीमत्तादैलेखबाट स्वीकृत मापदण्डलाई जनाउने छ।

न) "अनुगमन समीति" भन्नाले यसै मापदण्ड अनुसार गठन गरिएको अनुगमन समीतिलाई जनाउने छ।

**३. भू- उपयोग मापदण्ड निर्धारणका आधारहरू:-**

क) विध्यमान भू- उपयोगको अबस्था,

ख) नापी विभागले पठाएको भू -उपयोग क्षेत्र वर्गीकरणको तथ्याङ्क,

ग) सडक , बाटोको पहुच र सो को वर्गीकरण,

घ) कृषि उत्पादन र उत्पादकत्वको अबस्था,

ङ) वातावरण तथा बिपद संवेदनशीलता ,

च) भू-उपयोग ऐन २०७६,

छ) भू- उपयोग नियमावली २०७९ ,

ज) सामाजिक तथा आर्थिक पूर्वाधारको वितरण,

झ) सहरी बिकास योजना / आयोजना,

ञ) Google Satellite Images,

ट) GIS Analysis,

ठ) वडावाट आएको राय-सुझाव र निर्णयहरु,

ड) विभिन्न क्षेत्रका विज्ञहरु र सर्वदलीय , सर्वपक्षीय भेलाबाट प्राप्त राय सुझाव।

**४. भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु:-**

१) हाल उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी बिभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने।

२) जोखिम लगायत अन्य संवेदनशील तथा मध्यवर्ती क्षेत्रको जग्गालाई नापी बिभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने।

३) साविक बमोजिमका सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा, खुल्ला क्षेत्र ,पार्कहरु समेत(सेवा प्रदान गर्ने सरकारी कार्यालय बाहेक)लाई सार्बजनिक क्षेत्रमा बर्गिकरण गर्ने र सो को समुचित संरक्षणको नीति लिने।

४) यस अघि नापी विभागबाट आवासीय, व्यवसायिक र औधोगिक क्षेत्रमा बिभाजन भएको जग्गालाई सोही वर्गीकरण गर्ने, तर गुराँस गाउँपालिकाको गुरुयोजना बमोजिम आवश्यकता र उपयुक्तता देखिएमा क्षेत्र परिवर्तन गर्न सक्ने।

५) हाल उपयोगमा रहेको नदीनाला, ताल, तलैया, पोखरी लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने र सम्भावित जोखिमयुक्त क्षेत्रतथा नदी वा खोलाक्षेत्रमा बसोबास तथा आवास क्षेत्र बनाउन र बस्न निषेध गर्ने ।

६) हाल उपयोगमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापूर्वकालमा देखिएका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।

७) नगर क्षेत्रमा नेपाल सरकार, उधोग मन्त्रालयबाट स्वीकृत औधोगिक क्षेत्र, औधोगिक ग्राम सञ्चालन सम्बन्धि कार्यबिधि, २०७५ बमोजिम कम्तिमा एक वटा औधोगिक क्षेत्र, औधोगिक ग्राम निर्धारण गर्ने र स्वीकृति लिएर औधोगिक क्रियाकलापमा प्रयोग भइरहेका जग्गालाई समेत औधोगिक क्षेत्रमा वर्गीकरण गर्ने।

८) हाल कायम सबै किसिमका वन पैदावर क्षेत्र (निजी जग्गामा भएका बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने।

९) हाल चलन चल्तीमा उपयोग भइरहेको पसल, बैंक तथा वित्तीय संस्था, होटल, रेष्टुरा, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा तथा फास्टफुड घर,व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी तथा निजी जग्गा, निजी क्षेत्रबाट संञ्चालित अस्पताल, विद्यालय, क्याम्पस, नर्सिङ होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन ब्रोडकास्टिङ्ग संस्था, इन्टरनेट सेवा प्रदायक संस्था लाई व्यवसायिक क्षेत्रमा बर्गीकरण गर्ने।

१०) स्थानिय तहबाट स्वीकृती प्राप्त गरी खानी खनिज जन्य पदार्थहरु जस्तै ढुङ्गा, गिटी, बालुवा, गेरू, खरी ढुङ्गा, स्लेट, घर रङगरोगान तथा व्यावसायिक प्रयोजानमा आउने माटो उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा बर्गीकरण गर्ने।

११) कर्णाली नदी, लोरे खोला र अन्य खोलाहरूको River Change Pattern Analysis र Flood Risk Assessment गरी बहाव•क्षेत्र पहिचान गरी जोखिम क्षेत्र छुट्याउने र भविष्यमा त्यसलाई खोला कोरिडोर मार्गको विकास गर्ने ।

१२) हरेक वडाहरुमा छरिएर रहेका घरधुरीलाइ Suitability Analysis गरि एकिकृत गर्ने र बाहिरबाट बसाईसराई गरेर आउनेहरुलाई उपयुक्त हुने गरी उचित ठाँउ छानेर सम्पुर्ण सेवासुविधा पुराई नमुना वस्ती बिस्तार गर्ने र पर्यटकिय केन्द्रको रुपमा अघि बढाउने र बाकी क्षेत्रमा ठुलो मात्रामा मासु, फलफुल , दुध तथा अन्य कृषि उत्पादनमा जोड गरी कृषि र पशुपालन पकेट क्षेत्र कायम गरिने छ ।

१३) माथि जे जस्तो कुरा लेखिएता पनि Flood Risk Assessment पछि आएको Data मा जोखिम पहीचान भएको क्षेत्र र अन्य दलदल वा जोखिमयुक्त क्षेत्रमा बसोबासमा प्रतिबन्ध लगाउन सकिने नीति लिईनेछ, उक्त क्षेत्रमा घर नक्सापासको अनुमति दिईने छैन ।

१४) अब उपरान्त यस गुराँस गाउँपालिका क्षेत्रको जग्गा कित्ताकाट गर्दा भू-उपयोग नियमावली २०७९को दफा १२ मा उल्लेख भए बमोजिम कृषिको लागि न्यूनतम १०००.०० वर्ग मीटर र आवासिय र व्यवसायिक क्षेत्र को हकमा न्यूनतम १३०.०० वर्ग मीटर नघट्ने गरी कित्ताकाट गर्न सकिने छ र घडेरीको हकमा कम्तिमा ६ मीटर चौडाई बाटो कायम हुने गरी लगतकट्टा गर्नु पर्ने छ, घर निर्माण गर्दा सडकको चौडाई अनुसार कम्तिमा २ देखि ६ मीटर सम्म सेटब्याक जग्गा छाड्नु पर्ने छ।

१५) जग्गाको मूल्य निर्धारण गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिईनेछ साथै कृषि तथा पशुजन्य उत्पादन क्षेत्रमा गुराँस गाउँपालिकाबाट दिईने सेवा सुविधाको दायरा बढाईनेछ ।

१६) कृषि / गैरकृषि क्षेत्र व्यक्तिको जग्गाधनी दर्ता प्रमाण पूर्जामा प्रविष्ट कित्ता नापीमा आधारीत गर्नु पर्ने भएकोले zoning मार्जिनमा परेको जुन कित्ता पुरा क्षेत्रफलको ५०% भन्दा माथि परेको हुन्छ सोहि बमोजिम क्षेत्र कायम गरिनेछ ।

१७) पूर्णरुपमा मापदण्ड बमोजिम लगतकट्टा नभएका तर फिल्डमा मापदण्ड अनुसारको सडक भएका सडकहरुको हकमा फिल्ड निरीक्षणर गरेर प्राविधिक प्रतिवेदनको आधारमा मात्र कित्ताकाट सिफारिस गरिनेछ ।

१८) माथि उल्लेखितमापदण्डको अलवा गुराँस गाउँपालिका भित्रका वडा अन्तरगत रहेको भूमिलाई देहाएबमोजिम क्षेत्रमा वर्गीकरण गर्ने ।

| वडा नं. | सि.नं. | जग्गाको वर्गीकरण | जग्गा रहेको स्थान | कैफियत |
|---|---|---|---|---|
| | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पुर्ण खेति योग्य व्यक्तिगत जमिन<br>कृषी पकेट क्षेत्रहरुः<br>१. सिमेसालः सुन्तला पकेट क्षेत्र<br>२. सिमेसालः तरकारि पकेट क्षेत्र<br>३. सिमेसाल डुड्ग्री टोलःसुन्तला पकेट क्षेत्र<br>४. पातल गाउःसुन्तला पकेट क्षेत्र<br>५. सिमल डाँडाःसुन्तला पकेट क्षेत्र<br>६. खड्का टोलःसुन्तला पकेट क्षेत्र<br>७. तल्ला सेप्टीःसुन्तला पकेट क्षेत्र<br>८. काफलतोलीः आँप र सुन्तला पकेट क्षेत्र<br>९. जिवीः टिमुर खेती<br>१०. जिवीः आँप खेती | |
| | २ | आवासीय क्षेत्र | १. दारिम बस्तिको गोरेटोबाटोको दाँया-बाँया ३० मिटर<br>२. खड्कवाडाको सडकको दाँया-बाँया १०० मिटर<br>३. बेडुगाउँ टान्समिटर देखि बलमि टोलसम्म सडकको दाँया-बाँया १०० मिटर जंगल क्षेत्र बाहेक<br>४. हरिचोक देखि माथिल्लो सेप्टी हुदै गौराखेलने सम्म सडकको दाँया-बाँया १०० मिटर<br>५. तल्लो साप्टी गोरेटो बाटोको दाँया-बाँया ५० मिटर<br>६. सुड्गरखाल देखि तल्लो सेप्टी हुदै औल सम्म गोरेटो बाटोको दाँया-बाँया १०० मिटर | |
| | ३ | व्यवसायीक क्षेत्र | १. घड्का खोला डाँडा देखि पातल खोला सम्म सडकको दाँया-बाँया ३० मिटर<br>२. चिउरीको रूख देखि कम्पनी डाँडा सम्म सडकको दाँया-बाँया ३० मिटर | |

| | | | | |
|---|---|---|---|---|
| | | | ३. टिमिले ओल्लो खोला देखि पल्लो खोला सम्म सडकको दाँया-बाँया ३० मिटर | |
| | ४ | औद्योगिक क्षेत्र | छैन | |
| | ५ | खानी तथा खनिज क्षेत्र | कर्णाली नदी, मोतियाँ खोला, टिमिले खोला, पातल खोलाहरूको बगर क्षेत्र। | |
| | ६ | वन क्षेत्र | १. डोप्का उनिकोट सामुदायक वन<br>२. बेलचोक्टे सामुदायिक वन | |
| १ | ७ | नदी,खोला,ताल,सीमसार क्षेत्र | १. कर्णाली नदी<br>२. मोतियाँ खोला<br>३. टिमिले खोला<br>४. कालो खोला<br>५. मैनी खोला<br>६. पातल खोला | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | **विद्यालयहरु:-**<br>१. सारदा आ वि, खड्कवाडा<br>२. बराह स्थान प्रा वि, सिमेसाल<br>३. कालिका प्रा वि, वेडुगाउँ<br>४. भगवती मा वि, सेप्टी<br>५. नव दुर्गा प्रा वि, जिवी<br>**अन्य क्षेत्रहरू:**<br>१. सामुदायिक स्वास्थ्य ईकाइ, चौबता<br>२. १ नं. वडा कार्यालय, काफलतोली | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरु:-<br>मष्टा मन्दिर , खड्कवाडा<br>मष्टा मन्दिर, सेप्टी<br>माईथान, काफलतोलि<br>भैरव थान, सेप्टी<br>देउरालि गुफा, सेप्टी<br>माटे मन्दिर, तल्लो सेप्टी<br>बराह थान, सिमेसाल<br>मस्टा मन्दिर, सिमेसाल<br>भैरवथान, कफलतोलि<br>भैरमथान, बाहुन डाँडा<br>मस्टा मन्दिर, बाग्दुला खड्कवाडा<br>रूमालथान, सेप्टी<br>मन्दिर, बेडुगाउँ | |

| | | | | |
|---|---|---|---|---|
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |
| २ | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पुर्ण खेति योग्य ब्यक्तिगत जमीन<br>कृषि पकेट क्षेत्रः<br>१. सेरीवाडा, दुवाडी, सुरासैन, तियारथानः सुन्तला पकेट क्षेत्र।<br>२. सेरीवाडाको तल्लोभेग आँप, कागती र तरकारी पकेट क्षेत्र। | |
| | २ | आवासीय क्षेत्र | १. झ्याल्से पिपल देखि कटेला डाँडा सम्म सडकको दाँया बाँया १०० मिटर<br>२. सेरिवाडा तलिगाउँको गोरेटो बाटोको दायाँ बाँया ८० मिटर<br>३. पैरेटा देखि मोतिया खोला सम्म सडकको दाँया २० मिटर<br>४. वात्थला देखि तियारथान दोबाटो सम्म सडकको दाँया बाँया ५० मिटर | |
| | ३ | व्यवसायीक क्षेत्र | १. झोलुङ्गे पुल तल्लोडुङ्गेश्वर देखि माटेखोला पुल सम्म सडकको दाँया बाँया ६० मिटर<br>२. भलाया घुम्ती देखि गुराँसे जाने रोड सम्म सडकको दाँया बाँया २० मिटर<br>३. कटेला डाँडा देखि तिदुधारा, वडा चोक हुदै मष्टामन्दिर डाँडा सम्म सडकको दाँया बाँया ५० मिटर<br>४. ठुलो देउता मन्दिर देखि दुवाडी जाने सडकको दाँया बाँया ६० मिटर<br>५. धाराखोला देखि देउतीथान सम्म सडकको दाँया बाँया ३० मिटर | |
| | ४ | औद्योगिक क्षेत्र | १. तल्लो डुङगेश्वरको पश्चिम भाग | |
| | ५ | खानी तथा खनिज क्षेत्र | १. कर्णाली नदी, लोहोरे खोला, मोतिया खोला र रतिखोलाको बगर क्षेत्रहरू | |
| | ६ | वन क्षेत्र | १. अमरा सामुदायिक वन<br>२. खड्क सामुदायिक वन<br>३. सियाला फर्सा सामुदायिक वन<br>४. रामचना सामुदायिक वन | |
| | ७ | नदी,खोला,ताल,सीमसार क्षेत्र | १. कर्णाली नदी<br>२. लोहोरे खोला<br>३. रतिखोला<br>४. मोतिया खोला रकाउला खोला | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | विद्यालयहरुः-<br>१. महादेव मा.वि, तल्लोडुङ्गेश्वर<br>२. भैरव प्रा.वि, लम्चुडी<br>३. दुर्गा देवी प्रा.वि, पुरैनी | |

| | | |
|---|---|---|
| | | ४. भगवती प्रा.वि, सेरीवाडा<br>५. भैरव प्रा.वि, रानिवन सेरीवाडा<br>६. वि.पि. प्रा.वि, डुडापोखरा<br>अन्य क्षेत्रहरू:<br>१. खेलमैदान, तल्लोडुङ्गेश्वर<br>२. २ नं. वडा कार्यालय, पुरैनी<br>३. आधारभुत स्वास्थ्य सेवा केन्द्र, पुरैनी<br>४. प्रहरी चौकी, तल्लोडुङ्गेश्वर |
| ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरु:-<br>१. डुङ्गेल मन्दिर, तल्लोडुङ्गेश्वर<br>२. मष्टनारायण मन्दिर, लम्चुडी<br>३. नवदुर्गा माई मन्दिर, पुरैनी<br>४. भैरव मन्दिर, लम्चुडी<br>५. रुमालथान मन्दिर, सेरीवाडा<br>६. पूर्णमाला मन्दिर, सेरिवाडा<br>७. भैरव मन्दिर, सेरीवाडा<br>८. ठुलो देवता मन्दिर, डुडापोखरा<br>९. शिव मन्दिर, तियारथान<br>१०. माईको थान मन्दिर, तियारथान |
| १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन |
| १. | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पूर्ण खेतियोग्य व्यक्तिगत जमिन<br>कृषि पकेट क्षेत्रहरू:<br>१. दम्मार, आलु बन्दा<br>२. टोटापोखरा, आलु बन्दा<br>३. पेटारी, सुन्तला अदुवा वेसार<br>४. पुनाकोट, सुन्तला अदुवा वेसार<br>५. दुर्गे सुन्तला पकेट क्षेत्र |
| २ | आवासीय क्षेत्र | १. कोपिका धारा देखि कुल देवताको थान सम्म पातिकाँल्ला देउतिस्थान सडकको दाँया बाँया ५० मिटर<br>२. रिजालटोल देखि सुनार टोल सम्म भैरव स्थान गोरेटो बाटोको दाँया बाँय ३० मिटर<br>३. ढाँडापानी मोड देखि खम्मा डाँडा सम्म पातिकाँल्ला त्याराथान सडकको दाँया बाँया ३० मिटर |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | ४. ढलढुङ्गा चोक देखि पञ्चे डाँडा सम्म रतिखोला सेरीवाडा सडकको दाँया बाँया ३० मिटर<br>५. देउतिस्थान देखि सालघारी डाँडा सम्म सेरीवाडा पुनाकोट सडकको दाँया बाँया ३० मिटर<br>६. चिउरीको रुख देखि टुमुरे डाँडा सम्म दाँया बाँया ३० मिटर<br>७. दर्मुनी टोलको विर बहादुर सिजालीको घर देखि तोरी खर्क सम्म दाँया बाँया ४० मिटर<br>८. चौकिदारखोला मोड देखि नायक टोल सम्म पातिकाँल्ला खुम सडकको दाँया बाँया ३० मिटर | |
| | ३ | व्यवसायीक क्षेत्र | १. ताराखसे चोक देखि ढोक दिने ढुङ्गा सम्म पातिकाँल्ला सडको दाँया बाँया ६० मिटर<br>२. दुदिलोघरी देखि मष्टको थान सम्म सम्म गुराँसे पातिकाँल्ल सडकको दाँया बाँया ६० मिटर<br>३. शान्ती मा वि चोक देखि सल्लेरी टोल सम्म सडको दाँया बाँया ६० मिटर<br>४. सारदा देउतिस्थान फिल्ड देखि भैरबस्थान टोल जाने सडक देउल सम्म सडकको दाँया बाँया ६० मिटर<br>५. तमाखुबाडी देखि वन्डाली थान सम्म सडको दाँया बाँया १०० मिटर<br>६. सेरी जाने चोक देखि दर्लामीको घर सम्म पातिकाँल्ला सेरी सडकको दायाँ बायाँ ५० मिटर<br>७. ताराखसे चोक देखि ३ नं वडा कार्यालय सम्म सडकको दाँया बाँया ३० मिटर | |
| | ४ | औद्योगिक क्षेत्र | जार्फ कटुलाआवत औद्योगिक क्षेत्र | |
| ३ | ५ | खानी तथा खनिज क्षेत्र | १. फलाम खानी (धाउदुला)<br>२. रतिया खोला, छर्चि खोला, टिमिले खोला, कुति खोलाहरूको बगर क्षेत्र। | |
| | ६ | वन क्षेत्र | १. लालिगुराँ सामुदायकि वन<br>२. दुदिलोकछार सामुदायिक वन<br>३. शारदा सामुदायिक वन<br>४. नाउली सामुदायिक वन<br>५. नर्सरी सामुदायिक वन<br>६. सालघारी सामुदायिक वन<br>७. ऐसेलु खोरीया कवुलियती वन<br>८. सृजनसिल कवुलियती वन<br>९. हरियाली कवुलियती वन<br>१०. भावरस्याली सामुदायिक वन<br>११. भावरस्याली सामुदायिक वन | |

| | | |
|---|---|---|
| ७ | नदी,खोला,ताल,सीमसार क्षेत्र | १. रतिखोला, गुराँस गा पा वडा नं ३ र ४ को सिमाना<br>२. छर्चिखोला, पुनाकोट र सेरीवाडाको विचमा<br>३. कुतिखोला, पुनाकोट र सेरीको विचमा<br>४. टिमिलेखोला, खुम र भैरब स्थान विच<br>५. मुर्खाँखोला, मिमिर्के सल्लेरी र तिनखोली |
| ८ | सार्वजनिक उपयोगको क्षेत्र | **विद्यालयहरु:-**<br>१. श्री सरस्वती मा वि पातिकाल्ला<br>२. श्री शान्ती मा वि सेरी<br>३. श्री दुर्गा देवी मा वि पुलिया<br>४. श्री नेरा प्रा वि दम्मार<br>५. श्री जनता प्रा वि खुम<br>६. श्री गणेश प्रा वि पुनाकोट<br>७. श्री सृजनसिल बालविकास केन्द्र टोटापोखरा<br>८. श्री ताराखसे बालविकास केन्द्र<br>**अन्य क्षेत्रहरू:-**<br>१. जिवनरेखा सहकारी<br>२. महिला एकता कृषि तथा पशुपालन<br>३. ३ नं वडा कार्यालय<br>४. इलाका पशु सेवा कार्यालय<br>५. सेरी स्वास्थ्य चौकी<br>६. खड्कवाडा स्वास्थ्य चौकी,सहकारि |
| ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | **मन्दिरहरू:-**<br>१. माइको थान, पातिकाँल्ला<br>२. माइको थान, धाकदुला<br>३. बण्डाली थान, छर्चि<br>४. देउतिस्थान मन्दिर, चाल्स<br>५. अधिकारीको मन्दिर, चाल्स<br>६. माइको थान, पातिकाँल्ला देव ब शाहीको घर नजिक<br>७. माइको थान, टोटापोखरा<br>८. शिव मन्दिर, टोटापोखरा<br>९. कुलेको थान, चाल्स<br>१०. सिद्दापाइला मन्दिर, तिनखोली<br>११. देवल, चाल्स<br>१२. मष्टको थान, टोटापोखरा<br>१३. मष्टको थान, टोटापोखरा<br>१४. मष्टको थान, टोटापोखरा<br>१५. मण्डली मन्दिर, दम्मार<br>१६. महाबैजगनाथ थान,खुम<br>१७. मसनाथ मन्दिर, खुम |

| | | | | |
|---|---|---|---|---|
| | | | १८. देउतिथान, नाउली माथि<br>१९. महाबै जगनाथ थान, पुनाकोट<br>२०. मष्ट नारायण मन्दिर, भैरबस्थान<br>२१. महाबै जगनाथ मन्दिर, भैरबस्थान<br>२२. माइको थान, सल्लेरी<br>२३. रुमखानी, देउराली | |
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |
| | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पूर्ण खेतियोग्य व्यक्तिगत जमिन | |
| | २ | आवासीय क्षेत्र | १. चिसापानि देखि मैनाआखरि हुदै ट्वालट्वाले ,रति खोला सम्म चिसापानि रतिखोला सडकको दाँया बाँया ३० मिटर<br>२. मैना आखरी ठुलो चौर हुदै गौरब मार्ग ,बालेबढा मोड हुदै बेडबेडी टोल सम्म सडकको दाँया बाँया ३० मिटर<br>३. ताल पोखरि जिरो पोईन्ट देखि मस्तिरी टोल हुदै मिमिर्के सम्म सडकको दाँया बाँया ३० मिटर<br>४. मल्ल मोड देखी भकुण्डे धारा हुदै ऐले साल सम्म र भकुण्डे धारा देखी मिर्मिक टोल सम्म सडकको दाँया बाँया ३० मिटर। | |
| | ३ | व्यवसायीक क्षेत्र | १. रानिमत्ता गुराँसे देखि जिरो पोईन्ट ठाडो बुबा सम्म दैलेख सुर्खेत सडकको दाँया बाँया ५० मिटर<br>२. जिरो पोईन्ट ठाडो बुवा देखि मोहोरा रति खोला सम्म सडकको दाँया बाँया ५० मिटर<br>३. गुराँसे लामिछाने होटल देखि दोबाटो माथिल्लो साकिन्दधारा सम्म गुराँसे पातिकाल्ना सडकको दाँया बाँया ३० मिटर | |
| | ४ | औद्योगिक क्षेत्र | १. जीमधारे गोठेरी सतुवा चौर देखी दोवाटो सम्म सालतडा क्षेत्र<br>२. गाईबान्ना देखी डबल गैरा<br>३. लाम्पाटा मन्दिर देखी आलुबारी<br>४. श्रीचौर देखी मुनीको बाझो जग्गा | |
| | ५ | खानी तथा खनिज क्षेत्र | १. रती खोला र लोहोरे खोलाको बगर क्षेत्रको तामा खानी<br>२. खानी खोलाको तामा खानी<br>३. साकिन्धारा गाँउ र भिर्ति खोला बिचको भिर खानी | |
| ४ | ६ | वन क्षेत्र | १. सातसल्लि सामुदायिक वन<br>२. गाईबान्ना सामुदायिक वन<br>३. निगालपानी सामुदायिक वन<br>४. बर्म कबुलियति वन<br>५. थाप्ले कबुलियति वन<br>६. त्रिकुटिश्वर धार्मिक वन | |

| | | | | |
|---|---|---|---|---|
| | ७ | नदी,खोला,ताल,सीमसार क्षेत्र | १. रति खोला<br>२. लोहोरे खोला<br>३. सुवा पोखरी<br>४. लुवा खोला<br>५. गोगन खोला<br>६. सिगान धारा खोला<br>७. तोरे खोला<br>८. बडो खोला<br>९. छहरे खोला<br>१०. मुग्रा खोला | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | **विद्यालयहरु:-**<br>१. लक्ष्मी मा बि, रतिखोला<br>२. बालकल्यान आ बि, चिसापानी<br>३. ने रा आ बी ,घोडाबास<br>४. लक्ष्मी प्रा बि, गाईबान्ना<br>५. बुद्ध प्रा बि , दोबाटो<br>**अन्य क्षेत्रहरू:-**<br>१. सेरिबाडा स्वस्थ्य चौकि, सुवा पोखरी खोप केन्द्र, टुडिखेल पोखरी, ताल पोखरी खेल मैदान, हरिया डाँडा गुरूङ्ग मसान घाट, सहरि बिकास भवन, घोडाबास,४ नं वडा कार्यालय, तालपोखरी, तिनखोला दोभिना। | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | **मन्दिरहरू:-**<br>१. बराह मन्दिर, रतिखोला<br>२. शिव मन्दिर, ठुलो चौर<br>३. भैरवस्थान मन्दिर,जलुकेन<br>४. मष्टा मन्दिर, रिठा<br>५. चर्च रिठा<br>६. कमल जैशी थान, तालपोखरी<br>७. कमल जैशी थान गुरुङ्ग, तालपोखरी<br>८. शिव मन्दिर, घोडाबास<br>९. शिव मन्दिर, गाईबान्ना<br>१०. शिव मन्दिर, गुराँसे<br>११. शिव मन्दिर, चलाउने बस्ति<br>१२. गुम्बा, दोबाटो<br>१३. महावै मन्दिर , थामालेक | |
| | १० | नेपालसरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |
| | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पूर्ण खेतियोग्य व्यक्तिगत जमिन<br>फलफूल तथा तरकारी पकेट क्षेत्र | |

| | | | |
|---|---|---|---|
| | | १. लहरा, जिल्लाने डाडापोखरा, बुबैराखे, राउटेगल्छिना, तारापोखरी, ठुलापोखरी, निगालपानी, रानी[illegible], [illegible] पाल्त, वडाकाँडा, सियालाभैरी, गोगनपानी<br>१. गोगनपानी, भालुटोङ्का, सियालाभैरि, छहरे, काफलमेला, सानाकाँडा, कुटी, सिस्नेरी, भित्रिखोला, खर्क, नौतले, सरालटोल | |
| २ | आवासीय क्षेत्र | १. सहकारी भवन पाङ्ग्रेगैरा देखि भेरिखोर सान्तिबजार सम्म सडकको दाँया बाँया ३० मिटर<br>२. कृष्ण मा.वि. सानाकाँडा देखि वाउनटोल हुदै गौरवमार्ग जिरो पोईन्ट सम्म बाटोको दाँया बाँया ३० मिटर<br>३. भैरी बाठाबारी देखि मुखिया टोल हुदै भुफाल्ना सम्म सडकको दाँया बाँया २५ मिटर<br>४. पोखरीडाडा कुटीको गोरेटो बाटोको दाँया बाँया को २० मिटर<br>५. नाउला देखि बयलडाडि हुदै कृष्ण मा. वि. सानाकाँडाको सडकको दाँया बाँया ३० मिटर<br>६. स्वास्थ्य चौकि मोड गोगनपानी देखि असौजे गोगनपानी मोड सम्मको दाँया बाँया ३० मिटर<br>७. महिला भवन देखि ठूलाधारा सडकको दाँया बाँया ३० मिटर<br>८. भुटुकेनी देखि टुडिखेल डाडाको दाँया बायाँ ५० मिटर<br>९. नीतले शाही टोल देखि राना टोल बाँसठाना सम्म सडकको दाँया बाँया ३० मिटर<br>१०. साउनेपानी देखि नेटा हुदै खत्रीखालि मोड सम्म सडकको दाँया बाँया ३० मिटर | |
| ३ | व्यवसायीक क्षेत्र | १. चिप्लेचौर तारापोखरी देखि राउटेगल्छिना हुदै कान्छिबजार, जिल्लाने, बुबैराखेको ठुली बिसाउने सम्म सुर्खेत धरमपोखरा सडकको बाँया ३० मिटर<br>२. गुराँसे ताराहोटल मोड देखि दैलेख सुर्खेत सिमाना गेटसम्म दैलेख सुर्खेत सडकको बाँया ५० मिटर | |
| ४ | औद्योगिक क्षेत्र | १. सिस्नेरी खोला औद्योगिक क्षेत्र ,<br>२. भेरी खोला क्षेत्र | |
| ५ | खानी तथा खनिज क्षेत्र | १. चुनढुङ्गा खानी: राक्सीपाटा<br>२. सिस्नेरी बगर बालुवा गिट्टीखानी, र वडा न. ५ का सम्पर्ण खोलाको बगर क्षेत्र | |
| ६ | वन क्षेत्र | १. लामाखाली सामुदायिक वन<br>२. नवदुर्गा सामुदायिक वन<br>३. सल्लाघारी सामुदायिक वन<br>४. पानीचौर सामुदायिक वन<br>५. मुलपानी सामुदायिक वन | |

५



CamScanner

| | | | |
|---|---|---|---|
| | | ६. ठुलागैरा सामुदायिक वन<br>७. सिद्धमालिका सामुदायिक वन<br>८. सरस्वती सामुदायिक वन<br>९. सल्लेरी सामुदायिक वन<br>१०. केरेनी सामुदायिक वन | |
| ७ | नदी,खोला,ताल,सीमसार क्षेत्र | १. लामातडा खोला<br>२. जुगेनी खोला<br>३. भित्रि खोला<br>४. कोप्चा खोला<br>५. पराजुली खोला<br>६. सिस्नेरी खोला | |
| ८ | सार्वजनिक उपयोगको क्षेत्र | विद्यालयहरु:-<br>१. पार्वती माध्यामिक विद्यालय, गोगनपानी दैलेख<br>२. भगवती प्राथमिक विद्यालय, सल्लेरीडाँडा दैलेख<br>३. कृष्ण माध्यमिक विद्यालय, सानाकाँडा दैलेख<br>४. भगवती प्राथमिक विद्यालय, काफलमेला दैलेख<br>५. सिद्धमालिका प्राथमिक विद्यालय, डाडाँपोखरा दैलेख<br>६. दुर्गा देवी प्राथमिक विद्यालय, सिँयालाभैरी दैलेख<br>७. सरस्वती प्राथमिक विद्यालय, भैरीपोखरीडाँडा दैलेख<br>८. गुराँस आधारभुत विद्यालय, रानीमत्ता दैलेख<br>अन्य क्षेत्रहरू:-<br>१. प्रहरी चौकी, रानीमत्ता दैलेख<br>२. गोगनपानी स्वास्थ्य चौकी, गोगनपानी दैलेख<br>३. सानाकाँडा बर्थिङ सेन्टर, सानाकाँडा दैलेख<br>४. गुराँस भ्यु टावर, रानीमत्ता दैलेख<br>५. जिल्लाने तरकारी संकलन केन्द्र<br>६. वडा कार्यालय, गोगनपानी, दैलेख<br>७. गुराँस हस्पिटल, रानिमत्ता<br>८. गराँस गाउँपालिका कार्यालय(नयाँ भवन), रानिमत्ता<br>९. सम्पूर्ण प्रति, ऐलानी जग्गा<br>१०. पाथिकाल्ला चौर<br>११. डल्ले पोखरी<br>१२. पानीचौर<br>१३. कोप्चाचौर<br>१४. जम्मीचौर<br>१५. ठुलाखाली<br>१६. ठुलाचौर<br>१७. लामाखाली चौर<br>१८. मसुरे चौर<br>१९. मिरपाटी चौर | |

| | | | |
|---|---|---|---|
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरू:-<br>१. मालिका मन्दिर जिल्लाने<br>२. मस्टाथान, काफलमेला<br>३. जन्ति बस्ने गुफा, सानाकाँडा दैलेख |
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन |
| | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पूर्ण खेतियोग्य व्यक्तिगत जमिन<br>फलफुल तथा तरकारि पकेट क्षेत्रहरू:<br>१. मेलपोखारा ,रेग, नुवाखर्क, वडावल, जोरबाँझ, पिलाडि, छोक्रे, सिस्नेरी, सिर्पा, घाटुटोल, तेर्साबाट,पुलिया, राना वन, कोट, लामजिले, जंगलेकुना, लयाँटा<br>कोट, लामजिले, लयाँटा, पिलाडि, जोरबाँझ, जंगलेकुना, पुलिया |
| | २ | आवासीय क्षेत्र | १. पहिरापानी देखि उल्लेरी डाँडा वडावल विद्यालय सम्म सडकको दाँया बाँया ३० मिटर<br>२. सेतेखर्क देखि जंगलेकुना रोप्नेरी बस्ने टाकुरा दमाई टोल घाटुटोल हुदै बुढाटोल सम्म दाँया बाँया ३० मिटर<br>३. उर्जाको ड्याम देखि ढाक्न टाकुरा सम्म सडकको दाँया बाँया ३० मिटर<br>४. ढाणडाँडा देखि लामातडा स्कुल हुदै भेडेखोला सम्म सडकको दाँया बाँया ३० मिटर<br>५. समैझे देखि पुलियाँ सम्म सडकको दाँया बाँया ३० मिटर<br>६. बाहुन धारा देखि धनटाकुरी स्कुलको मोड सम्म सडकको दाँया बाँया ३० मिटर<br>७. बाहुन टोल मोड देखि डाँडापाखा मन्दिर सम्म गोरेटो बाटोको दाँया बाँया ३० मिटर<br>८. कोटजाने बाटो देखि मुखिया डाँडा सम्म सडकको दाँया बाँया ३० मिटर<br>९. पैहिरा खोला गाडापानी देखि बजाडा सम्म सडकको दाँया बाँया ३० मिटर<br>१०. सातबारे डाँडा देखि रातामाटाको डाँडा सम्म सडकको दाँया बाँया ३० मिटर<br>११. बडाधारा देखि बुढाटोल सम्म सडकको दाँया बाँया ३० मिटर<br>१२. जुम्ली बस्ने डाँडा देखि प्रेम राना को घर सम्म सडकको दाँया बाँया ३० मिटर<br>१३. रेग बानियाँको घरजाने मोड देखि रेग चोक हुदै स्कुल सम्म सडकको दाँया बाँया ३० मिटर<br>१४. माथिल्लो मेल पोखरा देखि सहकारि भवन सम्म सडकको |

| | | | | |
|---|---|---|---|---|
| | | | दाँया बाँया ३० मिटर<br>१५. राना वनको गोरेटो बाटोको दाँया बाँया ३० मिटर<br>१६. ढकढके डाँडा देखि पिढहाल्ने डाँडा सम्म सडकको दाँया बाँया ३० मिटर | |
| | ३ | व्यवसायीक क्षेत्र | १. भिउचुला गाईलोटेको डाँडा देखि गागो बान्ने डाँडा सम्म धरमपोखरा ,भिउचुला बगौरा सडकको दाँया बाँया ५० मिटर<br>२. रेग जाने दोबाटो देखि बगौरा स्वास्थ्य चौकी जाने दोबाटो सम्म सडकको दाँया बाँया ५० मिटर<br>३. जोरबाँझ छात्रबास देखि सानाबल माथिल्लो पोखरी सम्म सडकको दाँया बाँया ५० मिटर<br>४. कालेखोला मिलन चोक देखि खिर खिरे टाकुरा सम्म सडकको दाँया बाँया ५० मिटर | |
| | ४ | औद्योगिक क्षेत्र | १. भिउँचुलाऔद्योगिक क्षेत्र, भिउचुला<br>२. पुलिया क्षेत्र,<br>३. मिलनचोक क्षेत्र<br>४. लामताडा क्षेत्र | |
| | ५ | खानी तथा खनिज क्षेत्र | १. धाउ(फलाम) खानी, धाउखानी<br>२. ठुलो खोला र हनेटी खोलाको बगर क्षेत्र बालुवा गिट्टि खानी | |
| ६ | ६ | वन क्षेत्र | १. लालिगुराँस सामुदायिक वन<br>२. तिर्कुलेडाँडा रेगपातल सामुदायिक वन<br>३. पारिपाखा सामुदायिक वन<br>४. हरियाली सामुदायिक वन<br>५. लिलेकोट सामुदायिक वन<br>६. धाउखानी सामुदायिक वन<br>७. रातामाटा पारिपाखा सामुदायिक वन<br>८. पातिकाल्ना सामुदायिक वन | |
| | ७ | नदी,खोला,ताल,सीमसार क्षेत्र | १. ठुलो खोला, कोट खोला, पिरे खोला, काले खोला,हनेटी खोला, भेडे खोला र राते खोला | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | **विद्यालयहरु:-**<br>१. ने रा मा. वि. , बगौराचौर<br>२. जय जन्ता मा वि, जोरबाँझ<br>३. जनकल्याण प्रा वि, बडावल<br>४. नवदुर्गा प्रा वि, लक्ष्मीटोल जोरबाँझ<br>५. ने रा प्रा वि, धनटाकुरी<br>६. आदर्श प्रा वि, चौतारा<br>७. जनसहयोग प्रा वि, लामातड<br>**अन्य क्षेत्रहरू:-**<br>१. स्वास्थ्य चौकी, पिलाडी<br>२. ६ नं वडा कार्यालय, पिलाडी | |

| | | | | |
|---|---|---|---|---|
| | | | ३. नवयुग कृषि सहकारी<br>४. शिवशक्ति कृषि सहकारी<br>५. सुनगाभा कृषि सहकारी<br>६. हिमशिखर बहुउदेश्य सहकारी<br>७. महिला सहकारी<br>८. लिलेकोट भिउटावर, भिउँचुला<br>९. भिउँचुला खेलकुद मैदान | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरू:-<br>१. शिव मन्दिर, शान्तिटोल<br>२. शिव मन्दिर, लिलेकोट<br>३. भगवतिमाई मन्दिर, भगवतिटोल<br>४. बिरे मष्टो, गौरीटोल<br>५. क्षेत्रपाल थान, शान्ति टोल<br>६. धाउखानी गुफा, धाउखानी | |
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |
| | १ | कृषि क्षेत्र | बर्गीकरण गरेर बचेका सम्पूर्ण खेतियोग्य व्यक्तिगत जमिन<br>तरकारी पकेट क्षेत्रहरू:<br>दोहोरा बान्ना, ओखेनी, जीम्र, दुधिला | |
| | २ | आवासीय क्षेत्र | १. घुम्नेविसाउ देखि खनेटा डाँडा सम्म घुम्नेविसाउ- वडा कार्यालय सडकको दाँया बाँया२५ मिटर<br>२. बलाला चोक देखि खड्का टोल सम्म गोंरेटो बाटोको २५ मिटर दाया बाँया सम्म | |
| | ३ | व्यवसायीक क्षेत्र | १. बुढिगाढे डाँडा (चाँदनीको जिम्र जाने बाटो)देखि-दुधिला हुँदै घुम्नेविसाउ-साधले-डिमुरचौर-स्याउबारी-धरमपोखरा कोष्ची कचाली सडकको दाँया बाँया सडकको ६० मिटर(सुर्खेतको क्षेत्र बाहेक)<br>२. दहको मुलदेखि लालीकाँडा स्वास्थ्य चौकी नँया भवनसम्म झँज मर्खे सडकको दाँया बाँया २५ मिटर | |
| | ४ | औद्योगिक क्षेत्र | १. पाल्त औद्योगिक क्षेत्र, ओखेनी<br>२. बढि पोखरी क्षेत्र | |
| | ५ | खानी तथा खनिज क्षेत्र | १. सिलेट खानी, मालिका | |
| ७ | ६ | वन क्षेत्र | १. मालिका सामुदायिक वन<br>२. मटेलपोखरी सामुदायिक वन<br>३. पुरानापानी घिमाने सामुदायिक वन<br>४. कोपिला सामुदायिक वन<br>५. लालिगुराँस सामुदायिक वन | |

| | | | | |
|---|---|---|---|---|
| | | | ६. घहरे सामुदायिक वन<br>७. बाँझघारी सल्लाधारी सामुदायिक वन<br>८. सालघारी सल्लाधारी सामुदायिक वन<br>९. उगाडा सामुदायिक वन | |
| | ७ | नदी,खोला,ताल,सीमसार क्षेत्र | १. लात्ते ठुलो खोला<br>२. उगाडे खोला<br>३. लालि खोला<br>४. झुंज खोला<br>५. मर्खे खोला<br>६. गैर खोला<br>७. सुँगुरमारे खोला | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | विद्यालयहरु:-<br>१. श्री शान्ति मा.वि, लालिकाँडा<br>२. श्री पार्वती प्रा.वि, उगाडा<br>३. श्री चन्डेश्वरी आ.वि, ओखेनी<br>४. श्री लक्ष्मी आ.वि, झुंज<br>५. श्री सरस्वती आ.वि, मर्खे<br>६. श्री महालक्ष्मी प्रा.वि, सिर्पासैना<br>अन्य क्षेत्रहरू:-<br>१. ७ नं वडा कार्यालय, झुंज र लालिकाँडा स्वस्थ्य चौकी, झुंज<br>२. तल्लो खला<br>३. हिमाले चौर<br>४. साङ्गले चौर<br>५. राउटे बस्ने चौर | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरू:-<br>१. पञ्चकोशी मालिका मन्दिर, ओखेनी<br>२. मालिका मन्दिर, ओखेनी<br>३. मष्टा थान, लालिकाँडा<br>४. माईको थान, उगाडा<br>५. शिव मन्दिर,झुंज<br>६. टोटनाउला मालिका मन्दिर, दुधिला<br>७. शिव मन्दिर, मर्खे<br>८. माईको थान, काँडामर्खे | |
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |
| | | | बर्गीकरण गरेर बचेका सम्पूर्ण खेतियोग्य व्यक्तिगत जमिन | |
| | १ | कृषि क्षेत्र | | |
| | २ | आवासीय क्षेत्र | १. ध्यूपोखरी बिर्खमचौक देखि धरमपोखरा जिरो पोइन्ट सम्म रातानाङ्गला-धरमपोखरा सडकको दाँयाबाँया ५० मिटर | |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | २. घ्यूपोखरी बिर्खमचौकदेखि भिरपाटी पानीट्यांकी सम्म बिर्खम जाने सडकको दाँयाबाँया १०० मिटर<br>३. धरमपोखरा देखि कालेखोला सम्म धरमपोखरा कालेखोला सडकको दायाँबाया १०० मिटर<br>४. राउटेडाँडा देखि सातनाउला हुदै गाँर्ज, घ्यूपोखरी, सहकारीचौक सम्म सडकको दाँयाबाँया ५० मिटर<br>५. कृषि क्याम्पस चौक देखि मिलनचोकसम्म धरमपोखरा सडकको दाँयाबाँया ५० मिटर<br>६. छोटेपोखरा चाँदनी जाने बाटो देखि माइस्थान हुदै ठाँटीखोला चौक सम्म सडकको दाँयाबाँया ५० मिटर | |
| | ३ | व्यवसायीक क्षेत्र | १. धरमपोखरा जिरो पोइन्टदेखि पश्चिम चाँदनीको जिम्रा जाने बाटोसम्म रातानाङ्गला-धरमपोखरा सडकको दाँयाबाँया १३० मिटर<br>२. घ्यूपोखरी भुसाल छेनदिखि घ्यूपोखरी बिर्खमचौक सम्म रातानाङ्गला-धरमपोखरा सडकको दाँयाबाँया १०० मिटर | |
| | ४ | औद्योगिक क्षेत्र | मिलनचोक देखी पैते खोला क्षेत्र | |
| | ५ | खानी तथा खनिज क्षेत्र | पैते खोला क्षेत्र देखी आसैंना | |
| | ६ | वन क्षेत्र | १. पञ्चकोशी सामुदायिक वन<br>२. लालिगुराँस सामुदायिक वन<br>३. शिवशक्ती सामुदायिक वन<br>४. काउलाकोट सामुदायिक वन<br>५. हरियाली सामुदायिक वन | |
| | ७ | नदी,खोला,ताल,सीमसार क्षेत्र | १. पल्ले खोला,<br>२. काले खोला,<br>३. जिम्रा खोला | |
| | ८ | सार्वजनिक उपयोगको क्षेत्र | विद्यालयहरु:-<br>१. कालिका मा.वि, गर्चा<br>२. जनसहयोग आ.वि, खनारा<br>३. मालिका मा.वि, मकुट्क<br>४. शिव प्रा.वि, ठाँटी<br>अन्य क्षेत्रहरू:-<br>१. पोखारा चौर, भ्युचुला | |
| | ९ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरू:-<br>१. शिव मन्दिर, धरमपोखरा<br>२. कालिका मन्दिर,घ्यूपोखरी<br>३. चतुर्माला देउती बज्यै मन्दिर, तल्लो खनारा<br>४. सबै मष्टो मन्दिर | |

| | | | | |
|---|---|---|---|---|
| | १० | नेपाल सरकार बाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन | |

१९) हाल नक्शा पास भएर बनिसकेका घरहरु, नँया थपिएका सडकको र अन्य क्षेत्रहरु जो माथि उल्यखित बुदाहरुले समाबेस हुन सकेका छैनन्, त्यस्तो सम्पुर्ण क्षेत्रहरु Drone Survey गरि आएको Image लाई Digitized गरि नापी बिभागले दिएको GIS Data मा Update गरिने छ र भू-उपयोग क्षेत्रको अन्तिम नक्शा तयार हुने छ।

२०) यो मापदण्ड तथा आधारहरु, भू-उपयोग ऐन २०७६, भू-उपयोग नियमावली २०७९ को आधारमा गुराँस गाँउपालिकालाई व्यस्थित गर्नका लागि नापी बिभागले दियको डाटालाई GIS को माध्यममा अध्यावधिक गर्ने प्रकृया अगाडी वढाईनेछ।

२१) **मापदण्डको संशोधनः**भूउपयोग परिषद्को सिफारिसमा (गुराँस) गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधनगर्न सक्नेछ।

२२) **बाधा अड्काउः**यस मापदण्ड कार्यान्वयनमा कुनै समस्या आएमा भूउपयोग परिषद्ले बाधा अड्काउ फुकाउन सक्नेछ।

*******